३ सेवा उद्योग

बैंक तथा वित्तीय संस्था, उद्योग, होटल, कार्यालय भवन, कुटनैतिक नियोग तथा आवासीय भवन आदिमा सुरक्षा सेवा पुऱ्याउने उद्देश्य रहेको व्यवसाय विज्ञापन सामग्री उत्पादन गरी विज्ञापन एजेन्सीको रूपमा काम गर्ने व्यवसाय, प्रकाशन व्यवसाय, एल. पि. ग्यास रिफिलिङ गर्ने व्यवसाय, डिजिटेशन प्रक्रियाद्वारा नक्सा बनाउने व्यवसाय, टेलिभिजनमा प्रशारण हुने टेलिड्रामा, टेलिफिल्म विज्ञापन, स्वास्थ शिक्षासम्बन्धी कार्यक्रम तथा अरू डकुमेन्टरी फिल्म निर्माण तथा प्रशारण गर्ने, मोटरकार तथा टेम्पो आदि सवारी साधनमा एल. पि. ग्यास रिफिलिङ डिपो स्थापना गर्ने व्यवसाय तथा रेडियो प्रसारण स्टेशन खडा गरी रेडियो प्रसारण गर्ने व्यवसाय।

आज्ञाले,
पुण्यप्रसाद दाहाल
श्री ५ को सरकारको सचिव

## श्री ५ को सरकार
## अर्थ मन्त्रालयको
## सूचना १

श्री ५ को सरकारले धितोपत्र कारोबार नियमावली, २०५० को नियम ४६ ले दिएको अधिकार प्रयोग गरी धितोपत्र कारोबार नियमावली, २०५० को,–

१. अनुसूची ८ को,–

(१) फाराम नं. १ को शीर्षकमा रहेको "शेयर" भन्ने शब्द झिकिएको छ।

(२) फाराम नं. २ को शीर्षकमा रहेका "डिवेन्चर, बण्ड अन्य धितोपत्र सूचीकरण निवेदन" भन्ने शब्दहरूको सट्टा "एकाक वा समूहगत वचत सूचीकरण निवेदन" भन्ने शब्दहरू राखिएका छन्।

(३) फाराम नं. २ मा रहेका "श्री नेपाल धितोपत्र विनिमय बजार लि." भन्ने शब्दहरूको सट्टा "श्री.... धितोपत्र विनिमय बजार लि," भन्ने शब्दहरू राखिएका छन्।

(४) फाराम नं. २ को चौधौं हरफमा रहेका र "धितोपत्र सूचीकरण विनिमयहरू, २०५२" भन्ने शब्दहरू झिकिएका छन्।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२. अनुसूची- १६ को खण्ड क. को उपखण्ड ३ को अन्तिम हरफमा रहेका "०.४० प्रतिशत" भन्ने अंक र शब्दको सट्टा "०.१५ प्रतिशत" भन्ने अंक र शब्द राखिएका छन् ।

आज्ञाले,
रामविनोद भट्टराई
श्री ५ को सरकारको सचिव

## सूचना २

श्री ५ को सरकारले भन्सार ऐन, २०१९ को दफा ९ को उपदफा (१) तथा आर्थिक ऐन, २०५४ को दफा २३ ले दिएको अधिकार प्रयोग गरी काठमाडौं महानगरपालिका २९ नं. वडा समितिको कार्यालयले स्थानीय स्रोतबाट पैठारी गरेको जापानी येन १२,००,०००।– मूल्य बराबरको गार्बेज ट्रिपरमा लाग्ने भन्सार महसुल १ प्रतिशत मात्र लिई मूल्य अभिबृद्धि कर पूर्ण रूपमा छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

आज्ञाले,
प्रमोदकुमार कार्की
सह–सचिव



मुद्रण विभाग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# भाग ४

## संसद सचिवालयको सूचना

कपिलवस्तु जिल्लाको निर्वाचन क्षेत्र नं. ४ बाट प्रतिनिधि सभाको सदस्यमा निर्वाचित माननीय श्री मिर्जा दिलसाद वेगको २०५५ साल आषाढ १५ गते मृत्यु भएकोले नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ४६ को खण्ड (क) बमोजिम प्रतिनिधि सभाको सदस्यको स्थान एक रिक्त हुन आएकोले सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

आज्ञाले,
सूर्यकिरण गुरुङ्ग
प्रतिनिधि सभाको सचिव

१२२



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार